# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२९**

केदारस्यु गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाबाट सञ्चालित तपसिल बमोजिमका योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री, पाइप, फिटीङ्गस्, औजार आदी खरिद गरी देउरा तथा ढोडेखेत, बझाङसम्म ढुवानी गर्नुपर्ने भएकोले उक्त योजनाहरुका संयुक्त खरिद समितिले तपसिल बमोजिमको शर्तहरू अधिनमा रहि दरभाउपत्र फाराममा उल्लेख गरिएको परिमाण तथा तोकिएको स्पेसिफिकेशन गुणस्तर र तौल अनुसार सामग्री आपूर्ति गर्न ईच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका सप्लायर वा फर्महरूबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**<u>शर्तहरुः</u>**

१. ईच्छुक सप्लायर वा फर्मले विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित केदारस्यु गाउँपालिकाको कार्यालयबाट, केदारस्यु गाउँपालिकाको www.kedarasyumun.gov.np तथा परियोजनाको www.laccp.org.np वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्र पेश गर्दा तपसिल बमोजिमको फारम दस्तुर (पछि फिर्ता नहुने) केदारस्यु गाउँपालिकाको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड, केदारस्यु शाखामा रहेको ग.१.१ केदारस्यु गाउपालिका आन्तरिक राजश्व खाता नं. ०७५०१४००२५०००९ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फर्म वा सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले ८औं दिन (मिति २०८३/०३/०५) को दिउसो १२:०० बजे भित्र केदारस्यु गाउँपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्राविधिक सहयोग एकाई (क्लस्टर कार्यालय) चैनपुर वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नुपर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा

क) सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ ।

ख) हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८औं (मिति २०८३/०३/०५) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाम देउरा तथा ढोडेखेत, बझाङमा ढुवानी भई प्राविधिक चेकजाँच भएपछि मात्र हुनेछ । यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैक जमानतको आवश्यकता पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू गाउँपालिकामा संकलन गरीसकेपछि अर्को सूचना प्रकाशित गरि गाउँपालिकाको कार्यालयमा उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिकाका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

CamScanner

६. दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

११. अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटीमा जानकारी गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा केदारस्यु गाउँपालिका, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना कार्यान्वयन एकाई केदारस्यु (मोबाइल नं. ९८६८५६८०७४) मा सम्पर्क गर्न सकिनेछ ।

<u>तपसिल</u>

| सिलबन्दी दरभाउपत्र नं. | योजनाको नाम | अनुमानित लागत मु.अ.क. बाहेक | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर | ढुवानी गर्नुपर्ने स्थान |
|---|---|---|---|---|
| समूहक १/२०८२/८३ | संयुक्त खरिद समिति (जुव महरगाउँ खा.पा. र जुईल ढोडेखेत खा.पा. योजना) | ९३,०१,७१०.२६ | ३,००० | देउरा तथा ढोडेखेत, बझाङ |
| समूहख २/२०८२/८३ | संयुक्त खरिद समिति (ठुलिवन सिंचाइ र सिलंगी सिचाइ योजना) | ६०,९९,२३४.७६ | ३,००० | देउरा तथा ढोडेखेत, बझाङ |

संयुक्त खरिद समिति